ISSN 2795-1774 (Print), 2795-1782 (Online)
**Journal of Fine Arts Campus, 2023, Volume 5, Issue 1**
**Double-Blind Peer Reviewed Research Article**

# कार्तिक नाँचमा सङ्गीत अन्तर्गत ताल र वाद्य विश्लेषण

स्वजन रघुवंशी[1]*
[1]शोधार्थी (नृत्य), ईन्दिरा कला सङ्गीत विश्वविद्यालय, छत्तिसगढ, भारत ।
*Corresponding Author: rswojan@gmail.com

**Citation:** रघुवंशी, स्वजन (2023). कार्तिक नाँचमा सङ्गीत अन्तर्गत ताल र वाद्य विश्लेषण. *Journal of Fine Arts Campus, 5*(1).55-64. https://doi.org/10.3126/jfac.v5i1.60304

**लेखको सार**

प्रस्तुत अनुसन्धान लेखमा कार्तिक नाँचमा सङ्गीत अन्तर्गत ताल र वाद्यको विश्लेषण रहेको छ । गायन, वादन र नृत्य सङ्गीतको तीन विधा जसमा ताल पक्षले महवपूर्ण भूमिका खेलेको हुन्छ । ताल लयमा केन्द्रित रहेको हुन्छ । ताल र लय अनुसार बजाईएको वाद्यबाट आएको (सुर वा स्वर) ध्वनीले साङ्गीतिक माहोलको सृजना गर्दछ । सङ्गीत प्रस्तुतिको उद्देस्य विभिन्न किसिमको हुनसक्दछ । ताललाई वाद्य एवं गानाका साथमा सम्पादन गरिन्छ भने सोही अनुरूपको नृत्य हुने गर्दछ । मल्लकालमा सुरुवात भएको कार्तिक नाँच एक अद्वितीय एवं विभिन्न विशेषताले भरिएको एक मौलिक नाँच जुन आजको दिनसम्म पनि अटूट रूपले चलिआएको छ जसमा नेवाः समुदायमा प्रचलित विभिन्न ताल एवं वाद्यहरुको प्रयोग गरिएको पाईन्छ । प्राथमिक तथा द्वितियक दुवै विधिबाट तथ्य सङ्कलन गरी तयार पारिएको यस अनुसन्धान लेखमा कार्तिक नाँचमा प्रयोग गरिने विभिन्न तालहरुको लिपी (नोटेशन), त्यस तालको विशेषता, कुन नाँचमा कुन तालको प्रयोग तथा केही नेवाः तालको लिपीहरु प्रस्तुत गरिएको छ भने नाँचमा प्रयोग हुने विभिन्न वाद्यको वारेमा संक्षिप्त रुपमा जानकारी, कार्तिक नाँचमा ताल र वाद्यको महत्व एवं कार्तिक नाँचमा ताल र वाद्यको चुनौतीको बारे लेखिएको छ जसले गर्दा कार्तिक नाँचको ताल एवं वाद्यको बारे खोज तथा अनुसन्धान गर्नेहरुको लागि केही आधार मिल्दछ ।

**शब्द कुञ्जी :** सङ्गीत, दाफा, कार्तिक नाँच, ताल र वाद्य ।

## परिचयः

सङ्गीतको पृष्ठभूमिलाई हेर्ने हो भने सङ्गीतको परम्परा अनादिकालदेखि चलीआएको मानिन्छ । सङ्गीतको उद्दगम वेदबाट भयो । यज्ञको अवसरमा सामगानको प्रथा थियो । बिस्तारै-बिस्तारै धार्मिक परिवेशबाट निस्केर सङ्गीतले खुल्ला वातावरणमा प्रवेश गर्यो । गीतको साथमा वाद्ययन्त्रको प्रयोग हुन थाल्यो, नृत्यको पनि विकास भयो । महान सङ्गीताचार्य पण्डित शारंगदेवले 'सङ्गीत रत्नाकर'मा भनेका छन् - "गीतम् वाद्यं च नृत्यम् त्रयं सङ्गीतमुच्यते" अर्थात् गायन, वादन र नृत्य तीन विधाको समावेशी रूप सङ्गीत हो। सङ्गीत शब्दको उत्पत्ति 'गीत' शब्दमा 'सम्' उपसर्ग लगाएर भएको हो ।

सुन्दर गाना, स्वर, ताल र लयको माध्यमबाट भावना व्यक्त गर्नु नै सङ्गीत हो । वास्तवमा स्वर, ताल र लयको सम्बन्ध निकै घनिष्ठ छ । एक आपसमा अलग गरीदिने हो भने यिनीहरुको महत्व कम हुन्छ । त्यसैले एक अर्कामा निर्भर भइरहेको हुन्छ । सङ्गीतको जन्म नादबाट भयो । नाद ब्रह्म हो । सङ्गीत एक गुरुमुखी विद्या, प्राकृतिक र सर्वश्रेष्ठ ललितकला हो, जसको सम्बन्ध मानिससँग हुने भएकोले यसले सामाजिक, साँस्कृतिक अनि व्यक्तिगत जीवनमा पनि प्रभाव पारेको हुन्छ । भौतिक सुखको साथ-साथै आध्यात्मिक आनन्दको प्राप्ति तथा जीवनका चार कुरा धर्म, अर्थ, काम र मोक्षको प्राप्ति पनि सङ्गीतबाट नै हुन्छ ।

प्राचीनकालदेखि लिएर आधुनिक कालसम्म ईश्वरको आराधना, वन्दना तथा पूजा अर्चनाको लागि गायन, वादन र नृत्यको परम्परा चलीआएको छ । यही परम्पराले गर्दा नै मानिसको मनमा भक्ति भावना जागृत भएको पाइन्छ । त्यति मात्र नभई विश्वका प्रायः सबै सभ्यता र संस्कृतिमा सङ्गीतको महत्व एकदमै रहेको छ । यस्तै, नेपालको कला संस्कृतिलाई विश्वमा चिनाउन नेपालको ललितपुरको कार्तिक नाँचको पनि महत्वपूर्ण भूमिका रहेको छ जसमा सङ्गीतका तीनै विधा (गायन, वादन र नृत्य)को साथमा नाट्य पनि समावेश भएको छ । कार्तिक नाँच एक सङ्गीतले भरिएको नाँच हो जसमा ६० भन्दा बढी राग, ८ भन्दा बढी ताल एवं विभिन्न वाद्यको प्रयोग गरिन्छ । यसमा मौलिक कोरियोग्राफी तथा आंगिक चाल, लोकधर्मी र नाट्यधर्मीको समावेश, रस प्रधान एवं अभिनयको चार विधाको प्रयोग भएको पाईन्छ भने यस नाँचमा प्रयोग भएका गीत एवं भजन यसै नाँचको लागि बनेको देखिन्छ जसले गर्दा पनि यो नाँच अरु नाँच भन्दा पृथक छ ।


Journal homepage : https://www.nepjol.info/index.php/jfac
Publisher: Fine Arts Campus (Tribhuvan University), Kathmandu, Nepal.
https://lc.tu.edu.np
email: journalfinearts@gmail.com

ISSN 2795-1774 (Print), 2795-1782 (Online)
**Journal of Fine Arts Campus, 2023, Volume 5, Issue 1**
**Double-Blind Peer Reviewed Research Article**

**अध्ययनको उद्देश्य**

ऐतिहासिक, साँस्कृतिक, सामाजिक मूल्य र मान्यता बोकी निरन्तर रुपमा सञ्चालन हुँदै आएका कार्तिक नाँचको आफ्नै साङ्गीतिक पक्ष रहेको छ, जुन नेवाः समुदायमा प्रचलित दाफा तथा केही कार्तिक नाँचको आफ्नै मौलिक सङ्गीतमा आधारित रहेको छ । कार्तिक नाँचमा प्रचलित ताल एवं वाद्यको विस्तृत रुपमा खोज तथा अनुसन्धान गरी तालहरुको लिपी, नाँचको प्रकृति हेरी त्यसमा प्रयोग हुने ताल र विशेषता, वाद्यको प्रकार तथा कुन नाँचमा कुन वाद्यको प्रयोग गरिन्छ, कार्तिक नाँचमा ताल र वाद्यवादनको चुनौती आदि पक्षहरुको विश्लेषण गरी जानकारी दिनु यस अध्ययनको मुख्य उद्देश्य हो ।

**तथ्याङ्क सङ्कलन र अध्ययन विधि**

यस अध्ययनको लागि प्राथमिक स्रोत अन्तर्गत स्थलगत रुपमा कार्तिक नाँचको डबलीमा, अभ्यासको क्रममा नासलः चोकमा अवलोकन, कार्तिक नाँच तथा दाफासँग सम्बन्धित व्यक्तित्वहरुसँग अन्तरवार्ता लिईएको छ। यस नाँचमा विगत लामो समयदेखि नृत्य कलाकारको रुपमा रहेकोले आफ्नै अनुभवलाई पनि आधार मानिएको छ । सहायक स्रोत अन्तरगत कार्तिक नाँचसँग सम्बन्धित विभिन्न पुस्तक र सङ्गीत शास्त्रका ग्रन्थहरु रहेका छ । प्राथामिक एवं सहायक स्रोतहरुबाट प्राप्त तथ्यको विश्लेषण गर्न गुणात्मक साथै वर्णनात्मक विधि अपनाईएको छ ।

**कार्तिक नाँचको पृष्ठभूमि**

कार्तिक नाँच अत्यन्त जनप्रिय, प्रसिद्द परम्परागत लोक, सांस्कृतिक, धार्मिक, ऐतिहासिक, तान्त्रिक विधि तथा जातियता-विविधता भएको र लोक नाटकलाई पनि समेटिएको नाँच हो । यो नाँच ललितपुरको केन्द्र मंगलबजारको कृष्ण मन्दिरको दायाँ भागमा चार नारायण मन्दिरको अगाडि रहेको कार्तिक डबलीमा नाच्ने गरिन्छ, जसलाई 'कार्ति डबली' भनिन्छ । नेपालभाषामा यो नाँचलाई 'कार्ति प्याखँ' भनिन्छ (Regmi, 2003, p 170)। 'कार्ति' भन्नाले कार्तिक महीना र 'प्याखँ' भन्नाले नाँच वा नाटक हो । कार्तिक महिनाभरी हुने भएकोले गर्दा नै यो नाँचको नाम कार्तिक नाँच भएको हो । बिष्णु पुराण तथा लोक नाटकमा आधारित यस नाँचको मुख्य पात्र श्रीकृष्ण र मुख्य नाँच नृसिंह अवतारको नाँच हो । यो एउटा पुरूष प्रधान नाँच हो । किनभने महिला पात्रको भूमिकामा पनि पुरूषले नै गर्ने गर्दछ । यो नाँचको अर्को रोचक प्रसङ्ग भनेको प्रत्येक ६ वर्षमा नगर परिक्रमा गरी ललितपुरको विभिन्न ठाउँमा नाँच देखाउने गरिन्छ । यस नाँचको भेषभूषा तथा गरगहनाको पनि आफ्नै महत्व रहेको छ । पात्रहरुले लगाएको पहिरनको रङ्ग, शिरको मुकुट, निधारको टिका तथा अन्य कुराहरुले पात्रहरुको चित्रण गरेको हुन्छ । यो नाँचमा हिन्दू एवं वौद्द दुबै सम्प्रदायको सहभागिता रहने गर्दछ, जसले प्राचीन समयदेखि हालसम्म धार्मिक साम्प्रदायिकतालाई पनि झल्काएको देखिन्छ ।

मल्लकालमा सुरु भएको यस नाँचमा तीन मल्लकालीन राजाहरूको योगदान रहेको छ (Regmi, 2003, p 170) । राजा सिद्दिनरसिंह मल्लको राज्याभिषेकको समयमा मघा नक्षत्र परेको हुंदा देशमा अकाल मृत्यु, कलह एवं अशान्ति भयो । त्यस्तो अवस्थामा राष्ट्रमा शान्ति सुरक्षा कायम गर्न र जनताको कल्याणार्थ गर्नको लागि आफ्नो गुरूहरु, शिक्षागुरू पण्डित हरिवंश राजोपाध्याय र दिक्षागुरू पण्डित विश्वनाथ राजोपाध्यायसँग यसको समाधानको लागि सल्लाह लिँदा नरबलि दिएको खण्डमा यस समस्याबाट समाधान हुने कुरा आएपछि, गुरुहरुको निर्देशनमा ने.सं. ७६१ (वि.सं.१६९७) मा वैदिक तान्त्रिक साथै शास्त्रीय विधि अनुसार कार्तिक नाँचको शुरुवात गरिएको थियो । नृसिंह अवतारद्वारा तान्त्रिक विधिबाट हिरण्यकश्यपुको वध गरी बेहोसीको अवस्थामा पुगेको हिरण्यकश्यपुलाई पुनः तान्त्रिक विधिबाट जगाउने परम्परा नाँचको सुरुवाती क्रमदेखि अहिलेसम्म पनि निरन्तर चली आएको छ, जुन सांकेतिक रुपमा नरबलि हो ।

विष्णु पुराणमा आधारित विभिन्न लीलाहरुको नाँचहरु कसैले ५ दिन त कसैले ८ दिनको नाँच प्रदर्शन गरिएको कुरा व्यक्त गरिएको पाइन्छ भने कार्तिक नाँच संरक्षण समितिका उपाध्यक्ष तथा नृसिंह अवतार बनेर नृत्य गर्नु हुने कलाकार प्रतापधर शर्मा राजोपाध्यायका अनुसार सबै भन्दा पहिले नृसिंह अवतारको नाँच मात्र देखाईएको भन्ने कुरा अघि ल्याउनु भएको छ । त्यसपछि राजा सिद्धिनरसिंह मल्लका सुपुत्र श्रीनिवास मल्लले ने.सं. ७८७ (वि.सं. १७२३)मा ७ फरक-फरक लोकनाट्यहरुलाई समावेश गरेर नाँच देखाउन थाले, जुन लोक नाट्यलाई "वाथःप्याखँ" भनिन्छ । नेपाल भाषामा वाःथः भन्नाले बाठो र प्याखँ भन्नाले नाँच वा नाटक भन्ने बुझिन्छ । समग्रमा बाठो मान्छहरुको नाँच एवं नाटक नै वाथःप्याखँ हो । समाजमा भएका विभिन्न किसिमका विकृतिलाई त्यतिबेलाको समाजको चारित्रिक विश्लेषण तथा संश्लेषणलाई जीवन्त दिनुको साथै हालको समाजसंग पनि मिल्ने प्रकृतिको यो नाँच रहेको छ । त्यसपछि राजा श्रीनिवास मल्लका सुपुत्र योग नरेन्द्र मल्लले ने.स.८०४ (वि.सं. १७४०)मा अन्य लिलाहरु थपेर २७ दिनसम्म नाच्ने परम्परा स्थापित गरेका थिए । १७ वटा कथा र लिलाहरुलाई मिलाएर २७ दिन देखाइन्थ्यो ।


Journal homepage : https://www.nepjol.info/index.php/jfac
Publisher: Fine Arts Campus (Tribhuvan University), Kathmandu, Nepal.
https://lc.tu.edu.np
email: journalfinearts@gmail.com

ISSN 2795-1774 (Print), 2795-1782 (Online)
**Journal of Fine Arts Campus, 2023, Volume 5, Issue 1**
**Double-Blind Peer Reviewed Research Article**

कार्तिक नाँचमा देखाइने नाँचहरुमा सुदामा, भक्त सूरदास, माधवानर लीला, उषाहरण लिला, जलशयन (मधु कैटव वध), वराह अवतार, नृसिंह अवतार, वस्त्रहरण लीला, दधि लीला, बौद्ध अवतार लगायत ल्यवःलाय्गु (सुखुली तुल्यगु) बाथःप्याखँ, च्वले खुदां-दांखुदां - बाथःप्याखँ , कौलाखिचा - बाथःप्याखँ , माकःसि मियेगु - बाथःप्याखँ, खुसि छि केगु (जीचा)- बाथःप्याखँ, तिंखिका-छ योध्वग्गी- बाथःप्याखँ , सतिवनेगु-महामूर्ख- बाथःप्याखँ पर्दछन् ।

कार्तिक नाँच एउटै विषयमा मात्र सिमित नभई महिना भरी नै प्रत्येक दिन बेग्ला बेग्लै विषयमा नाँच प्रस्तुत गरिन्छ । यो नाँच कोजाग्रत पूर्णिमाको भोलिपल्ट पारूदेखि सखीमना पूर्णिमाको दुई दिन पछिसम्म प्रदर्शन गर्ने गरिन्थ्यो । तर लक्ष्मी पूजा, म्ह पूजा (गोवर्धन पूजा) र किजा पूजा (भाई टिका)मा यो नाँच देखाईदैन । ने.सं. १०६९(वि.सं.२००६) सम्म पूरा १ महिना र ने.सं. १०७० (वि.सं. २००७)मा जनक्रान्तिले गर्दा महिना दिन पूरा चलेन । तत्पश्चात ने.सं. १०७१-११०० (वि.सं. २००८-२०३७)सम्म श्रीवराह र श्रीनृसिंह अवतारको नाँच ३० वर्षसम्म २ दिन मात्र चल्यो । त्यसपछि, ने.सं.११०१ (वि.सं.२०३८)मा कार्तिक नाँच प्रवन्ध समिति गठन भएदेखि प्रत्येक वर्ष ८ दिनमा नघटाई श्रीवराह र श्रीनृसिंहको नाँच सहित अन्य महिना दिन भित्र देखाइउने नाँचहरुमध्येबाट अदल बदल गरी आजसम्म अटुट रूपमा देखाउँदै आइरहेको छ (श्रेष्ठ, २०६६) । वि.सं.२०७१ साल मङ्सिर महिनामा विधिवत ढङ्गवाट संघ संस्था दर्ता ऐन अनुरुप दर्ता प्रक्रिया पूरा गरी कार्तिक नाँचको संरक्षण, प्रवर्दन तथा जगेर्ना गर्ने हेतुले कार्तिक नाँच संरक्षण समितिको स्थापना भयो । सबैभन्दा ठूलो कुरा त लामो समयदेखि ८ दिन सञ्चालित यस नाँच संरक्षण समितिको पहलमा १२ दिन सञ्चालन भएको थियो र अहिले कार्तिक नाँच संरक्षण समितिले यो नाँच १ महिना नै देखाउनको लागि व्यापक रुपमा कार्य सम्पादन तथा योजनाहरु बनाइरहेको छ ।

सङ्गीतको विकासक्रम हेर्ने हो भने नाट्याचार्य भरतमुनिद्वारा लिखित नाट्यशास्त्र ग्रन्थ भन्दा पहिले नै नेपालमा सङ्गीतको विकास भएको मानिन्छ । यस तथ्य नाट्यशास्त्रको तेहौं अध्यायको ४४औं श्लोकबाट पुष्टि हुन्छ, जुन श्लोकमा नेपालको नाम पनि उल्लेख गरिएको छ । नेपालमा विभिन्न काल खण्डमा सङ्गीतको इतिहास एवं स्थितीको बारे स्प्रष्ट रूपले पाउन नसकेनी "नेपालको सङ्गीत भन्नाले नेवाः समुदायमा प्रचलित सङ्गीत भनी बुभ्नु पर्दछ, जसमा प्राचीनकालदेखि "चच", "चह", "चो", "चचा" जस्ता शब्दहरुको प्रयोग भैरहेको पाइन्छ" (गुरुवाचार्य, बि.सं २०७०, पृ ३) । अनुमानित १५औं शताब्दीदेखि प्रचलनमा आएको नेवाः समुदायको दाफा सङ्गीत एक मौलिकपन भएको तथा छुट्टै अस्तित्व बोकेको र आफ्नै पद्दतिलाई आत्मसात् गरी परम्परागत रूपले वर्तमान परिप्रेक्ष्यमा पनि निरन्तर अघि बढेको देखिन्छ ।

आध्यात्मिक रुपमा हेर्ने हो भने दाफा सङ्गीत धार्मिक सहिष्णुता भएको, पूजा आराधना तथा उत्सवको भावना भएको भक्ति सङ्गीतको एक प्रकार हो । सामाजिक रुपमा हेर्ने हो भने दाफा सङ्गीत नेवाः संस्कृतिको अभिन्न अङ्ग, मूर्त तथा अमूर्त सम्पदाको मिश्रण भएको र जीवन दर्शन तथा साहित्यको धरोहरको प्रतिबिम्ब हो । गुरु त्रिरत्न मानन्धरका अनुसार "मल्लकालमा प्रचलनमा आएको सङ्गीत दाफा सङ्गीत हो जुन खिँ बाजाको तालमा निश्चित नियममा रहेर विभिन्न शास्त्रीय रागहरुमा क्रमानुसार राग लिई, गीत गाएर तथा वाद्यवादन गरेर प्रस्तुत गरिन्छ । दाफा गीतमा प्रयोग हुने भाषा नेपाल भाषा मात्र नभई संस्कृत तथा मैथली भाषाको प्रयोग भएको पाइन्छ । मल्लकालिन विभिन्न राजा तथा सङ्गीत गुरुहरुको योगदान तथा संस्कृत कवि जयदेवद्वारा लिखित 'गीत गोविन्द'को प्रभाव पनि दाफामा देख्न पाईन्छ ।" कार्तिक नाँचका वाद्यगुरु प्रद्युम्न कृष्ण श्रेष्ठका अनुसार- "कार्तिक नाँचमा सङ्गीतको ताल तथा लयमा बाजाहरुको विभिन्न बोलहरुमा आङ्गिक सञ्चालन गरी नृत्य तथा नृत्यनाटिका प्रस्तुत हुने गर्दछ, जुन बाजाद्वारा नियन्त्रित हुन्छ । यो नाँच दाफा पद्दतिमा आधारित नाँच हो, किनभने यो नाँचमा मुख्य वाद्ययन्त्रको रुपमा खिँ (जोड़ी खिँ) बजाईन्छ, जुन परम्परागत रूपमा मूल बाजा हो र राग लिने, गीत गाउने तथा बाजा बजाउने शैली पनि दाफा पद्दति अनुसार गरिन्छ ।"

## कार्तिक नाँच र ताल

नाट्यशास्त्र तालको दृष्टिकोणले पनि एक महत्वपूर्ण ग्रन्थ हो । यस ग्रन्थमा तालको बारेमा सुक्ष्म रूपले दिएको छ । यसमा स्थापित सिद्दान्तको स्पष्टीकरण संक्षिप्त शैलीमा सङ्गीत रत्नाकरमा देख्न सकिन्छ । नाट्यशास्त्रको अध्याय ३१को श्लोक ६ अनुसार - "कला- कालप्रमाणेन ताल इत्याभिसंज्ञितः"। अर्थात् कलाहरुकोद्वारा गीतको कालकृत विभाग नै 'ताल' हो । लयको जन्मको साथमा त्यसलाई दर्शाउनको लागि कुनै क्रियाको आवश्यकता पर्यो र परिणाम स्वरुप तालको निर्माण भयो । कालको अर्थ समय हो र समयको नाप या बन्धन नै ताल हो । सङ्गीतमा लयको महत्व अधिक रहेको हुन्छ ।


Journal homepage : https://www.nepjol.info/index.php/jfac
Publisher: Fine Arts Campus (Tribhuvan University), Kathmandu, Nepal.
https://lc.tu.edu.np
email: journalfinearts@gmail.com

ISSN 2795-1774 (Print), 2795-1782 (Online)
**Journal of Fine Arts Campus, 2023, Volume 5, Issue 1**
**Double-Blind Peer Reviewed Research Article**

लय बिना सङ्गीतको कल्पना पनि गर्न सकिँदैन । लयको आधारमा नै गायन, वादन र नृत्य  गर्ने गरिन्छ । त्यसैले लयलाई सङ्गीतको आत्मा भनिन्छ । लय भन्नाले दुई मात्राको बिचको समय हरेक मात्राकालमा समान हुन्छ । साधारण अर्थमा लय भनेको समयको बराबर चाल हो, जसलेताललाई नियन्त्रण गर्ने गर्दछ । सङ्गीत रत्नाकर ग्रन्थको पाँचौ खण्ड तालाध्यायको श्लोक २ अनुसार - "गीतं वाद्यं तथा नृत्यं यतस्ताले प्रतिष्ठितम्" । अर्थात् गायन ,वादन र नृत्य कला तालमा प्रतिष्ठित छ । ताल बिना सङ्गीत अधुरो हुने भएकोले ताल नै सङ्गीतको प्राण हो । सङ्गीतकलामा ताल र लयले स्वरलाई गति प्रदान गर्ने गर्दछ । त्यसैले सङ्गीतकलामा लागेका सबैलाई तालको ज्ञान हुनु अति आवश्यक छ ।

ताललाई व्यवस्थित, व्यवहारिक तथा नियमवद्द तरिकाले प्रस्तुत गर्नको लागि एक पद्दतिको सृजना भएको हुन्छ जसलाई  ताल पद्दति भनिन्छ । तालको विभाग र मात्राको आधारमा नै कुनै एक ताल अर्को तालसँग भिन्न हुने गर्दछ । विश्वको विभिन्न स्थानमा हेर्ने हो भने आ आफ्नै प्रकारको ताल पद्दति अपनाएको देखिन्छ र नियमहरुमा पनि  फरक-फरक देखिन्छ ।  भारतीय ताल पद्दतिसङ्ग नेपालको ताल पद्दति केही पृथक रहेको छ ।

काठमाडौं उपत्यकाको नेवाः समुदायमा विभिन्न तालहरु प्रचलित रहेका छन् । यहाँ प्रचलित तालहरुमा चो ताल, पलिमा ताल, जति ताल, प्ःताल, एक ताल, अष्ट्रा ताल, लं ताल, धंलजति ताल, गरह ताल, कर्खा ताल, गन्धः ताल, माथ ताल, चौ ताल, पंच ताल, खरागंगा ताल, लुपो ताल, बह्म ताल आदि रहेका छन् । एउटै नाम भएका तालहरु  पनि  स्थान अनुसार यसको मात्रा, ताली, खाली एवं बोलहरु फरक-फरक रहेको देखिन्छ । जसरी हिन्दुस्तानी तालको आफ्नै ठेका हुने गर्दछ त्यसरि नेपालको ताल पद्दतिमा निश्चित ठेका पाईदैन । उदाहरणको लागि-

हिन्दुस्तानी ताल :-  दादरा ताल : मात्रा= ६ , विभाग=२ (३+३ ), ताली= १(१) , खाली= १(४)

| मात्रा | १ | २ | ३ | ४ | ५ | ६ | १ |
|---|---|---|---|---|---|---|---|
| ठेका/बोल | धा | धि | ना | धा | तु | ना | धा |
| ताली/खाली | x | | | o | | | x |

नेवाः ताल :- चो ताल : मात्रा = ४ , विभाग=२ (२+२), ताली= १ (१), खाली= १ (३)

| मात्रा | १ | २ | ३ | ४ | १ |
|---|---|---|---|---|---|
| ताली/खाली | तिं | | छु | | तिं |

कहीँ कहीँ स्थान अनुसार वाद्यको बोल अनुरुप ठेकाको निर्माण गरेको पाइन्छ । दाफा गुरु त्रिरत्न मानन्धरद्धारा लिखित *हांदे दाफाया म्हसीका व म्येया स्वरलिपि*मा उल्लेखित 'चो ताल'को 'खिं बाजा'को बोललाई निम्न लिखित रुपमा ठेका प्रस्तुत गरिएको छ ।

| मात्रा | १ | २ | ३ | ४ | १ |
|---|---|---|---|---|---|
| खिंको बोल | थिं | रथिं | -र | ताधें | थिं |
| ताली/खाली | तिं | | छु | | तिं |

कार्तिक नाँचमा प्रयोग हुने तालमा भने कुनै पनि ठेकाको प्रयोग गरिएको पाईँदैन । यहाँ 'तिन्छु'को ध्वनिको आधारमा केबल 'तिं' र 'छु' को प्रयोग गरिएको पाईन्छ । 'तिं'ले तालीको सङ्केत गर्दछ भने 'छु'ले खालीको सङ्केत गर्दछ । कार्तिक नाँचमा प्रयोग हुने तालहरु कार्तिक नाँचका गुरु हरिमान श्रेष्ठद्वारा लिखित *काति प्याखँ* किताबको अध्ययन गरी त्यस किताबमा उल्लेखित तालहरु रहेको छ भने ताल पद्धतिको लिपी वाद्य गुरु प्रद्युम्न कृष्ण श्रेष्ठले दिनु भएको सात्क्षातकारबाट लेखिएको छ जुन निम्न लिखित रहेको छ-

१) चो ताल :-

कार्तिक नाँचमा सबैभन्दा बढी 'चो ताल'को प्रयोग गरिएको पाइन्छ । हिन्दुस्तानी ताल पद्धतिमा तीनताललाई 'सर्वाहार ताल'को रुपमा चिनिएको जस्तै चो ताल सर्वाधिक प्रयोग र सजिलो ताल भएकोले यस ताललाई पनि 'सर्वाहार ताल' भनिन्छ । कार्तिक नाँचको नृत्य पक्षको प्रारम्भिक अभ्यासदेखि  लिएर वाद्यवादनको सुरुवाती तालीममा पानी 'चो ताल'को नै प्रयोग हुन्छ । डबलीमा नृत्य गर्ने क्रममा पनि 'चो ताल'को नै बढी मात्रामा प्रयोग गरेको पाइन्छ । जस्तै कृष्ण गणको प्रवेश, महादेव गण प्रवेश, बाथःप्याखँ    आदि । यो ताल पद्धतिको लिपी माथी उल्लेखित गरिएको छ ।


Journal homepage : https://www.nepjol.info/index.php/jfac
Publisher: Fine Arts Campus (Tribhuvan University), Kathmandu, Nepal.
https://lc.tu.edu.np
email: journalfinearts@gmail.com

ISSN 2795-1774 (Print), 2795-1782 (Online)
**Journal of Fine Arts Campus, 2023, Volume 5, Issue 1**
**Double-Blind Peer Reviewed Research Article**

२) पलिमाँ ताल :-

'पलिमाँ ताल'लाई शान्त र सुन्दर तालको रुपमा चिनिन्छ । यो तालको प्रयोग ग्वारामा गरिएको छ ।

मात्रा: ६, विभाग: ३(२+२+२), ताली: २(१ र ३), खाली: १(५)

| मात्रा | १ २ | ३ ४ | ५ ६ | १ |
|---|---|---|---|---|
| ताली/खाली | तिं | तिं | छु | तिं |

३) एक ताल / कर्खा ताल :-

'एक ताल' मन्द गतिमा बजाउने गरिन्छ । यसको बोल आनन्दित प्रकारको हुन्छ । कार्तिक नाँचमा इन्द्र गणको प्रवेश तथा अन्य नाँचहरूमा यो तालको प्रयोग गरिन्छ । महादेव र कृष्णको युद्ध हुँदाखेरी एक चरणमा कर्खा तालमा नाच्ने गरिन्छ ।

मात्रा = ६, विभाग=२ (३+३), ताली= १ (१), खाली= १ (४)

| मात्रा | १ २ ३ | ४ ५ ६ | १ |
|---|---|---|---|
| ताली/खाली | तिं | छु | तिं |

४) जति ताल:-

बोलहरुलाई सुन्दर, श्रृंगारिक एवं उत्कृष्ट बनाउन 'जति ताल'को प्रयोग भएको हुन्छ । यो तालमा स्थान अनुरूप ताली खालीमा भिन्नता देखिन्छ । कतै तालीबाट सुरु गरेको देखिन्छ भने कतै खालीबाट सुरु गरेको देखिन्छ ।

मात्रा: ७, विभाग: ३(३+२+२), ताली: २(४ र ६), खाली: १(१)

| मात्रा | १ २ ३ | ४ ५ | ६ ७ | १ |
|---|---|---|---|---|
| ताली/खाली | छु | तिं | तिं | छु |

कार्तिक नाँचमा वाणासुर गणको प्रवेश, उषा विलाप, हिरण्यकश्यपु गणको प्रवेश आदि जति तालमा नाच्ने गरिन्छ ।

५) प्र:ताल:-

'जति ताल' र 'प्र:ताल' ७ मात्राको भए पनि यिनीहरुको मिठासमा फरकपन पाईन्छ । कार्तिक नाँचमा वाणासुर तपस्या गर्दा, महादेव र पार्वती वन-विहार गर्दा आदि नाँचमा 'प्र:ताल' बजाइन्छ । त्यसै गरि हरेक दिन समापन/बिसर्जन गर्दा खेरी पनि 'प्र:ताल' बजाइने गरिन्छ ।

मात्रा: ७, विभाग: ३(२+२+३), ताली: २(१ र ३), खाली: १(५)

| मात्रा | १ २ | ३ ४ | ५ ६ ७ | १ |
|---|---|---|---|---|
| ताली/खाली | तिं | तिं | छु | तिं |

६) अष्ट्रा ताल / षटन्कार ताल :-

'अष्ट्रा ताल'लाई सुनेमा रोगहरुको नास हुन्छ भन्ने भनाई छ । कार्तिक नाँचको विभिन्न युद्धकला 'अष्ट्रा ताल'मा नाच्ने गरिन्छ ।

मात्रा: १०, विभाग: ५(२+२+२+२+२), ताली: २(१,५ र ७), खाली: २ (३ र ९)

| मात्रा | १ २ | ३ ४ | ५ ६ | ७ ८ | ९ १० | १ |
|---|---|---|---|---|---|---|
| ताली/खाली | तिं | छु | तिं | तिं | छु | तिं |


Journal homepage : https://www.nepjol.info/index.php/jfac
Publisher: Fine Arts Campus (Tribhuvan University), Kathmandu, Nepal.
https://lc.tu.edu.np
email: journalfinearts@gmail.com

ISSN 2795-1774 (Print), 2795-1782 (Online)
**Journal of Fine Arts Campus, 2023, Volume 5, Issue 1**
**Double-Blind Peer Reviewed Research Article**

७) चौ ताल :-

यो काललाई दुर्लभ एवं कठिन तालको रुपमा चिनिन्छ । कार्तिक नाँचमा जब कृष्ण र महादेवको युद्ध हुँदा संसारमा प्रलय अवस्थामा पुग्न लाग्दा स्वयम् धरती माता प्रकट भई कृष्ण र महादेवलाई एकै बनाई हरीशंकरको रूप बनाइदिनु हुन्छ र हरीशंकर नाच्ने क्रममा 'चौ ताल' बजाइन्छ ।

मात्रा: १२, विभाग: ५(२+२+२+२+२+२), ताली: ४(१,५,७ र ९ ), खाली: २(३ र ११)

| मात्रा | १ २ | ३ ४ | ५ ६ | ७ ८ | ९ १० | ११ १२ | १ |
|---|---|---|---|---|---|---|---|
| ताली/खाली | तिं | छु | तिं | तिं | तिं | छु | तिं |

८) गरह ताल/माथ ताल/धंलजति ताल/गन्धःताल

माथी उल्लेखित सम्पूर्ण तालहरुको नाम फरक भए पनि ताल पद्धति एकै प्रकारको रहेको छ । कार्तिक

मात्रा: १४, विभाग: ७ (२+२+२+२+२+२+२), ताली: ४(१,३,७ र ११ ), खाली: ३(५, ९ र १३)

| मात्रा | १ २ | ३ ४ | ५ ६ | ७ ८ | ९ १० | ११ १२ | १३ १४ | १ |
|---|---|---|---|---|---|---|---|---|
| ताली/खाली | तिं | तिं | छु | तिं | छु | तिं | छु | तिं |

नाँचमा महादेव गणको प्रवेश 'धंलजति ताल'मा, जब श्री विष्णु वराह अवतार धारण गर्ने क्रममा 'गन्धः ताल'मा नाच्ने गरिन्छ ।

९) ग्वारा ताल

"एउटै गीतमा आविच्छिन्न रुपमा विभिन्न तालहरुको संयोजन गरी रचिएको सङ्गीत लाई 'ग्वारा' भनिन्छ, जसमा नेवाःसङ्गीतको एउटा अनुपम मौलिकता रहेको पाइन्छ ( गुरुवाचार्य, बि.सं २०७०, पृ ७७) । साधारण अर्थमा भन्नु पर्दा कुनै एक रागको रचनामा दुई वा दुई भन्दा बढी तालहरुका क्रमानुसार समिश्रणबाट बनेको ताल नै 'ग्वारा ताल' हो । 'कर्नाटक सङ्गीत'मा यस किसिमको रचनाहरु पाइन्छ जसलाई 'तालमालिका' भनिन्छ । 'ग्वारा'को संरचनालाई हेर्ने हो भने यो 'तालमालिका' जस्तै देखिन्छ । ग्वारामा दुई वटा ताल मिलेमा दोमाँ, तीन ताल मिलेमा तिमाँ क्रमसः चौमाँ, पञ्चमाँ, छःमाँ, सातमाँ, आठमाँ, नवमाँ, दशमाँ, एघारमाँ र बाह्रमाँ गरी १२ प्रकारको रहेको छ । कार्तिक नाँचमा ग्वारा तालको प्रयोग गरेको पाइन्छ । उषाहरण लीला अन्तर्गत देवी प्याखँको 'महारुद्र ग्वारा'मा नाच्ने गरिन्छ जुन निम्न लिखित रहेको छ (श्रेष्ठ, बि.सं २०६६, पृ २४३)-

"म्ये - ॥ राग - कौसिक ॥ ताल - धंलजति तिमाँ ॥
धंलजति ताल - हा दे महारूद्र भईरब नारायण चण्डी
एक ताल - मातृका जोगिनी संग विराजे ॥
पलिमाँ ताल - सो विजयानन्द गावे ॥"

माथी उल्लेखित 'महारुद्र ग्वारा' मा तिमाँ अर्थात् तीन वटा तालको समिश्रण रहेको छ । सुरुमा 'धंलजति ताल' १४ मात्राको, दोस्रोमा 'एक ताल' ६ मात्रा र अन्तिमको 'पलीमाँ ताल' ६ मात्राको ताल रहेको छ । यसरी नै उषाहरण लीला अन्तर्गत कृष्ण र वाणासुरको युद्ध, अनिरुद्र र उषाको श्रृंगारलाई 'ग्वारा' मै नाच्ने गरिन्छ । वाद्य गुरु प्रद्युम्न कृष्ण श्रेष्ठका अनुसार- "कार्तिक नाँचको मुख्य अवतारको नाँच नृसिंह नाँच पनि पहिले 'ग्वारा' मै नाच्ने गरिथ्यो तर अहिले यो परम्परा लोप भई सकेको छ ।"

कार्तिक नाँचमा प्रयोग भएका बाहेक नेवाः समुदायमा प्रचलनमा रहेका अन्य तालहरु निम्न लिखित छन् ।

१) लं ताल:- नेवाः तालमा 'लं ताल' एकदम अद्वितीय रहेको छ, हेर्दा यसमा ८ मात्राको ताल देखिन्छ तर यो ७ मात्राको ताल हो । किनभने तेस्रो र सातौ गन्तीमा १ मात्रा पूरा नभई आधा मात्राको हुने गर्दछ (मानन्धर, २०७१) ।

मात्रा: ७, विभाग: २(३.५ +३.५), ताली: १(१), खाली: १(५)

| मात्रा | १ २ ३/२ ४ | ५ ६ ७/२ ८ | १ |
|---|---|---|---|
| ताली/खाली | तिं | छु | तिं |


Journal homepage : https://www.nepjol.info/index.php/jfac
Publisher: Fine Arts Campus (Tribhuvan University), Kathmandu, Nepal.
https://lc.tu.edu.np
email: journalfinearts@gmail.com

ISSN 2795-1774 (Print), 2795-1782 (Online)
**Journal of Fine Arts Campus, 2023, Volume 5, Issue 1**
**Double-Blind Peer Reviewed Research Article**

२) खरगंगा तालः-

मात्रा: २० , विभाग: ४ (५+५+५+५), ताली: ४ (१,६,११र१६)

| मात्रा | १ २ ३ ४ ५ | ६ ७ ८ ९ १० | ११ १२ १३ १४ १५ | १६ १७ १८ १९ २० | १ |
|---|---|---|---|---|---|
| ताली/खाली | तिं | तिं | तिं | तिं | तिं |

३) लुपो तालः- 'लुपो ताल' 'एक ताल' जस्तै ६ मात्राको हो ।

४) ब्रह्म तालः- 'ब्रम्ह ताल' 'अष्ट्रा ताल' जस्तै १४ मात्राको हो ।

**कार्तिक नाँचमा प्रयोग हुने वाद्यहरु**

सङ्गीतमा स्वर तथा तालको सुमधुर ध्वनि उत्पन्न गर्नको लागि जुन यन्त्रको प्रयोग गरिन्छ, त्यसलाई 'वाद्य' भनिन्छ । अर्को अर्थमा भन्नु पर्दा सङ्गीत मय ध्वनि उत्पादनको लागि प्रयोग गरिने उपकरण नै 'वाद्य' हो (Poudel, 2023)। साधारण बोलीचालिमा वाद्यलाई 'बाजा' भनेर सम्बोधन गरिन्छ । वाद्य बजाउने क्रियालाई 'वाद्यवादन' भनिन्छ । कार्तिक नाँचमा वाद्यवादनको आधारमा के नाँच प्रस्तुत गर्ने हो, कतिखेर उठाउने हो, कतिखेर सिध्याउने हो भन्ने कुरा अवगत गराईन्छ भने नाँच हेरीकन फरक-फरक वाद्यको प्रयोग गरिन्छ । वाद्यवादनको ध्वनिले नाँचमा रस उत्पत्ति गर्ने गर्दछ । त्यसले गर्दा पनि नर्तन पक्षसँग यसको सम्बन्ध प्रत्यक्ष रुपमा रहेको छ । वाद्यको प्रकारलाई नाट्यशास्त्रको अध्याय २८, श्लोक १ अनुसार- "ततञ्चैवावनद्धञ्च घनं सुषिरमेव च । चतुर्विधन्तु  विज्ञेयमातोद्यं लक्षणान्वितम् ॥" अर्थात् वाद्यलाई चार भागमा तत्, सुषिर, अवनद्ध र घनमा विभाजन गरिएको छ । माथी उल्लेखित श्लोकको आधारमा कार्तिक नाँचका वाद्ययन्त्रलाई हेर्ने हो भने निम्न लिखित रुपमा रहेको छ ।

**१)तत् वाद्यः-** तारको घर्षणबाट या झंकारबाट स्वर उत्पन्न हुने बाजाहरु 'तत् वाद्य' हुन् । जस्तैः- सितार, वीणा आदि । कार्तिक नाँचमा कुनै पनि प्रकारको 'तत् वाद्य' को प्रयोग भएको पाईंदैन । दाफा भजन गर्दा पनि कुनै प्रकारको 'तत् वाद्य' प्रयोग पाईंदैन ।

**२)सुषिर वाद्यः-** छिद्र भएको वाद्य जसमा वायुको  सहायताले फुकेर वा थिचेर बजाउने बाजाहरु 'सुषिर वाद्य' हुन् । जस्तैः- बाँसुरी, काः बाजा, हारमोनियम आदि । कार्तिक नाँचमा २ प्रकारको सुषिर बाद्यको प्रकारको प्रयोग भएको पाईन्छ, जुन निम्न लिखित रहेको छ ।

क)पोंगाः 'पोंगा'को स्वर एकदम मिठासपूर्ण  हुन्छ, कार्तिक नाँचमा यस बाजाको महत्व एकदम रहेको छ । यो एक सहायक वाद्य हो, प्रायः जसो 'खिँ बाजा'ले 'न्ह्या' लिन्दा 'पोंगा' बजाउने गरिन्छ भने अन्य समय समयमा पनि यो वाद्य प्रयोग गरिन्छ, 'पोंगा' ब्यञ्जनकार जातिले बजाउने गर्दछ,

ख)मुहालीः 'मुहाली' एक आफ्नै मौलिकता भएको बाजा हो, जसको सुमधुर स्वरमा कार्तिक नाँचमा अप्सरा नृत्य गरिन्छ । त्यस्तै गरि जलशयनमा  मधु-कैटव र महामायाको युद्ध हुँदा, उषाहरण लीलामा कृष्ण र महादेवको युद्ध र विषमज्वर र शीतज्वरको युद्ध हुँदा  एवं वराह अवतारमा वराह र हिरण्यकश्यपको युद्ध हुँदा 'मुहाली' बजाइन्छ । वराह अवतार र नृसिंह अवतारलाई केशवनारायण चोकबाट डबलिमा ल्याउने क्रममा पनि 'मुहाली' नै बजाइन्छ । यों वाद्य कपाली जातिले बजाउने गर्दछन् ।

**३)अवनद्ध वाद्यः-** छाला मोढेर बनाएको र हात अथवा लट्ठीको सहायताले ठोकेर वा हानेर बजाउने बाजा 'अवनद्ध वाद्य' हो । जस्तैः- तबला, मादल, धिमे आदि । आधुनिक कालमा ताल देखाउनको लागि अवनद्ध वाद्यको प्रयोग गरिन्छ र कार्तिक नाँचमा पनि अवनद्ध वाद्यले मुख्य भूमिका खेलेको हुन्छ । किनभने यसै वाद्ययन्त्रहरुको आधारमा नै नर्तन, नाट्य, गायन एवं अन्य सहायक बाजाहरुलाई नियन्त्रण गर्ने गर्दछ । कार्तिक नाँचमा प्रयोग हुने अवनद्ध वाद्य निम्न लिखित रहेको छ

क)खिँ : कार्तिक नाँचको प्रमुख वाद्यको रुपमा 'खिँ बाजा' रहेको छ । "यो बाजा नेवार समुदायको प्रमुख बाजा हो । यस बाजाको बोलमा सबै बाजाको बोल समेटिएको हुन्छ । त्यसैले यस बाजालाई बोलहरुको उद्गम  बिन्दु मानिन्छ (महर्जन, बि.सं२०७६, पृ १३७) । कार्तिक नाँचमा दुई वटा 'खिँ' बजाइन्छ, जसलाई 'जो खिँ' भनिन्छ । दाँया पट्टीको खिँलाई 'जवः खिँ' र बाँया पट्टीको खिँलाई 'खवः खिँ' भनिन्छ । 'जवः खिँ'लाई गुरु खलक राजोपाध्याय जातिले बजाउने गर्दछन् भने 'खवः खिँ'लाई अरु कोही प्रशिक्षित वाद्यबादकले बजाउने गर्दछन् । 'दाफा'' अन्तर्गत पनी 'जो खिँ'  बजाउने भएकोले कार्तिक नाँच पनि  'दाफा'मा नै आधारित छ भन्ने  कुरा पुष्टि हुन्छ । प्रायः जसो यस नाँचको सम्पूर्ण नाँच 'खिँ बाजा'को विभिन्न तालहरुमा नाच्ने गरिन्छ । नाँचको अभ्यास पनि 'खिँ बाजा'मा नै गर्ने गरिन्छ ।


Journal homepage : https://www.nepjol.info/index.php/jfac
Publisher: Fine Arts Campus (Tribhuvan University), Kathmandu, Nepal.
https://lc.tu.edu.np
email: journalfinearts@gmail.com

ISSN 2795-1774 (Print), 2795-1782 (Online)
**Journal of Fine Arts Campus, 2023, Volume 5, Issue 1**
**Double-Blind Peer Reviewed Research Article**

ख)मृदङ्ग :'मृदङ्ग'को आवाज एकदम मिठासपूर्ण हुन्छ। कार्तिक नाँचमा 'मृदङ्ग'को प्रयोग अप्सरा नाँच र महादेव पार्वतीको वनविहारको नाँचमा हुने गर्दछ। 'मृदङ्ग'को सुरस्वर मिठासपूर्ण भएकोले नै नाँच एकदम श्रृंगारिक रुपमा प्रस्तुत हुने गर्दछ।

ग)धाः, दमोखीँ र जोर नगरा : यी तीनै बाजाहरू कार्तिक नाँचमा युद्धकला नाँचमा वादन हुने गर्दछ। प्रायः जस्तो सबै युद्धकलामा 'धाः बाजा'को तीन चरणमा वादन गरिन्छ। दुई चरण 'चो ताल'मा र एक चरण 'जति ताल'मा हुने गर्दछ। विष्णुज्वर र शीतज्वरको युद्ध मात्र 'दमोखीँ'मा दुई चरण नाच्ने गरिन्छ, जुन 'अष्ट्रा ताल' र 'जति ताल'मा निवद्ध हुन्छ भने कृष्ण र महादेवको युद्ध हुँदा खेरी एक चरण मात्र 'जोर नगरा' वादन गरिन्छ। सम्पूर्ण युद्धकलाहरुको समापन भने 'खिँ बाजा'को 'प्रःताल' बाट नै हुने गर्दछ।

**४)घनवाद्यः-** धातु या कुनै ठोस बस्तुबाट बनेको वाद्य, जसलाई आघात या परस्पर ठोकाएर बजाइने गरिन्छ। जस्तैः- घण्टा, मंजीरा, करताल आदि। कार्तिक नाँचमा विभिन्न प्रकारको 'घन वाद्य' को प्रयोग भएको पाइन्छ, जुन निम्न लिखित रहेको छ :

क)बमुचाः (झ्याली), ताःबाजा, भूस्या :- 'बमुचाः' तालको मात्रालाई देखाउनको लागि प्रयोग गरिन्छ। 'ताः बाजा'ले ताली र खाली छुट्याउने गर्दछ। 'खिँ' बजाउँदा यी दुबै वाद्यले ताल दिने काम गर्दछन्। 'भुस्या' 'धाः' र 'दमोखीँ'ले सहायक वाद्यको रुपमा भूमिका खेल्दछन्। 'भुस्या' आवाज ठुलो हुने भएकोले युद्दकलामा यसले जोश भर्ने काम गर्दछ।

ख)घंगली/घंगला (घुङ्गुरु) : नाँचमा 'घुङ्गुरु'को महत्वपूर्ण स्थान रहेको छ। 'घुङ्गुरु' तालप्रधान बाजा हो भने नाच्ने क्रममा बजेको 'घुङ्गुरु' को सुमधुर आवाजले नाँचमा सुन माथी सुगन्ध थप्ने काम गर्दछ। प्रायः नाँचमा 'घुङ्गुरु' खुट्टामा बाध्ने गरिन्छ भने नेवाः समुदायमा प्रचलित धार्मिक एवं परम्परागत नाँचहरुमा 'घुङ्गुरु' घुडाभन्दा मुनि बाँधेको देखिन्छ। कार्तिक नाँचमा प्रायः सम्पूर्ण नृत्यकारहरुले 'घुङ्गुरु' बाँधेका हुन्छन्। त्यस्तै गरि माधवानर लीलामा कामसेन राजा र विकाटाक्ष्य राक्षसको युद्ध हुँदा विकाटाक्ष्य राक्षसले कम्मरमा 'घंगला' बाँधेको हुन्छ। यो बाहेक अन्य नाँचमा 'घंगला'को प्रयोग गरेको पाईंदैन।

**कार्तिक नाँचमा ताल र वाद्यको महत्व**

कार्तिक नाँचमा प्रस्तुत हुने नाँचहरु कस्तो कथा एवं लीलाहरुमा आधारित छ, त्यसले कुन सन्दर्भलाई केन्द्रित गरेको छ, र त्यस नाँचले कुन रसलाई प्रभाव पारेको छ, भन्ने जस्ता कुराहरुको आधारमा नाँचको निर्देशन गरिएको हुन्छ जसमा ताल र वाद्यले महत्वपूर्ण भूमिका खेलेको पाईन्छ। माथी उल्लेखित कुराहरुलाई ध्यानमा दिई तालको प्रकृति र सो तालालाई मिल्ने वाद्यको प्रयोग गरेको देखिन्छ। सदाबहार ताल 'चो ताल' र प्रमुख वाद्य 'खिँ बाजा'लाई कार्तिक नाँचको मुटुको रुपमा लिन सकिन्छ भने अन्य ताल र वाद्यलाई सहायक वाद्यको रुपमा लिन सकिन्छ। नासः द्यको आराधना, विभिन्न गणहरुको प्रवेश नृत्य, नाट्यको क्रममा बिच-बिचमा, युद्धकलाको अन्तिम चरणमा एवं आरती गर्दा त्यस माहोललाई मिल्ने तालको आधारमा 'खिँ बाजा' बजाइन्छ।

'बमुचाः' र 'ताःबाजा' ले 'खिँ बाजा'लाई साथ दिइराखेको हुन्छ। युद्धकलामा मात्र प्रयोग हुने वाद्य 'धाः बाजा', 'दामोखिँ बाजा' र 'जोर नगरा'को विभिन्न तालमा बजाएको ध्वनीमा 'भुस्या'को आवाजले वीर तथा रौद्र रसको जागृत हुन्छ, जसले गर्दा साच्चिकै युद्ध नै भएको आभाष हुन्छ। अप्सरा नाँच र महादेव पार्वतीको वन विहार नाँच गर्दा बजाइने 'मृदङ्ग' र 'मुहालीः' ध्वनिले श्रृङ्गारिक भावना उत्पन्न गराएको हुन्छ।

त्यस्तै गरी दधि लीला, वस्त्रहरण लीला तथा अन्य श्रृङ्गारिक नृत्यमा सोही अनुरूपको तालको आधारमा 'खिँ बाजा' बजाउँदा श्रृंगार रस उत्पन्न भएको आभाष हुन्छ। उषाबिलाप गर्दा बजाईने बाजाको आवाज यस्तो मार्मिक हुन्छ की जसले दर्शकमा करूण रस उत्पन्न गराउने गर्दछ र कति दर्शक रोएको पनि पाइन्छ। कार्तिक नाँचको मुख्य नाँच नृसिंह अवतारमा जब नृसिंह र हिरण्यकश्यपुको युद्धको हुन्छ, त्यसबेला बजाईने 'खिँ बाजा'को बोलले अद्धितीय भावनाको जागृत गराउँदछ। यो बेला बजाउने बोल अन्य नाँचमा प्रयोग गरिँदैन। समय समयमा प्वंगाको सुमधुर स्वरले माहोललाई नै अर्के संसारमा लगेको भान गराउँछ। त्यसैले कार्तिक नाँचमा ताल र वाद्यको महत्व रहेको छ।

**कार्तिक नाँचमा ताल र वाद्यवादनको चुनौती**

कार्तिक नाँचमा ताल र वाद्यको प्रमुख चुनौती भन्नु नै यसको अभिलेखीकरणको अभाव हुनु हो, जसले गर्दा समय परिस्थिति अनुसार यसमा बजाउने शैलीमा परिवर्तन भएको देखिन्छ। कार्तिक नाँच संरक्षण समितिका अध्यक्षका तथा हिरण्यकाश्यपुको भूमिका गर्नु हुने कलाकार किरण चित्रकारका अनुसार- "पहिले-पहिले जुन रूपले कार्तिक नाँचमा


Journal homepage : https://www.nepjol.info/index.php/jfac
Publisher: Fine Arts Campus (Tribhuvan University), Kathmandu, Nepal.
https://lc.tu.edu.np
email: journalfinearts@gmail.com

कथानकको आधारमा राग, ताल एवं नृत्य गर्ने शैली थियो, अहिले आएर त्यो शैलीमा कमी तथा परिवर्तन आएको देखिन्छ । यसको मुख्य कारण एक त कुनै लिखित आधार नहुनु हो भने अर्को सजिलोको लागि पनि परिवर्तन भएको देखिन्छ ।" कार्तिक नाँचमा व्यवस्थित रुपमा ताल एवं बाद्यको तालीमको अभाव रहेको छ, भने नाँचमा पनि तालीमकै अभावले अन्य तालमा नाच्नु पर्ने नाँचहरु 'चो ताल' मा नै बढी रुपमा नाचेको देखिन्छ । विशेष जातिले नै बजाउनु पर्ने वाद्यहरु भएकोले गर्दा पनि कहिले काहीँ समस्या उत्पन्न भएको देखिन्छ ।

त्यसैले यसलाई पहिलेको स्वरुप कस्तो थियो भनी त्यसमा खोज तथा अनुसन्धान वृहत् रुपमा सम्पादन गर्न जरुरी छ र आएको नतीजालाई लिखित, भिडियोग्राफी, फोटोग्राफी, तालिम, शिक्षा आदिको माध्यमबाट संरक्षित रुपमा राख्न सकेको खण्डमा र पहिलेको जस्तै स्वरुपमा विकास गर्न नसके पनि, अहिलेको अवस्थामा जे छ सोही अवस्थामा मलजल गरी भावी सन्ततिलाई नासोको रुपमा दिनु हाम्रो जिम्मेवारी तथा कर्तव्य हो । नेपालका विद्यालय एवं विश्वविद्यालयमा नेवाःताल एवं वाद्यलाई पाठ्यक्रममा राखी अध्यापन गराउनु आजको आवश्यकता हो जसले गर्दा यसको विकास, संरक्षण तथा प्रवर्धन गर्ने कार्यमा टेवा मिल्नेछ ।

परम्परागत रुपमा चली आएको यस नाँचमा अहिलेको परिस्थितिलाई मिल्ने गरी व्यावहारिक, सैद्वान्तिक तथा प्रयोगात्मक ढंगबाट व्यवस्थित रुपमा सङ्गीत एवं नृत्य पक्षलाई तालीम दिनु आजको आवश्यकता हो तर दक्ष प्रशिक्षकको अभावमा परम्परागत रुपमा नै तालीम भएको देखिन्छ । कार्तिक नाँच एक सामाजिक नाँच भएकोले गर्दा यसबाट आय-आर्जन नहुने हुँदा पनि कहिले काहीँ समस्या उत्पन्न भएको देखिन्छ । युवाहरुमा सिक्ने इच्छाको कमिले गर्दा पनि विभिन्न चुनौतीहरुको सामना गर्नु परेको छ भने अहिले आएर पहिलेको तुलनामा युवा जमात यस नाँचलाई अघि बढाउनको लागि सहभागि भएको देखिन्छ । सरकारी निकाय, स्थानीय सरकार, विभिन्न संघ संस्थाहरुले एवं व्यक्तिगत रुपमा यस नाँचलाई विभिन्न रूपले सहयोग गरेता पनि अझै सहयोगको अभाव भएको देखिन्छ, जसले गर्दा २७ दिनसम्म चल्ने यो नाँचलाई पूर्ण रूपले देखाउन सकिएको छैन तर कार्तिक नाँच संरक्षण समितिले पूर्ण रुपमा यो नाँच देखाउन विभिन्न पहलहरु गरेको देखिन्छ ।

**निष्कर्ष**:

कार्तिक नाँच प्राचीनकालदेखि नै नेपालमा प्रचलित सङ्गीत हो, जसमा गायन, वादन र नृत्य तिनै विधा उत्तिकै महत्वका साथ प्रस्तुत गरिन्छन् । यसमा अनेकौं राग, ताल एवं विभिन्न वाद्यको प्रयोग, आफ्नै छुट्टै मौलिक विधिका साथ प्रस्तुत गरिने हुनाले यो नाँच अरु नाँच भन्दा पृथक छ । मल्लकालिन कार्तिक नाँच अत्यन्त जनप्रिय, प्रशिद्द परम्परागत लोक, सांस्कृतिक, धार्मिक, ऐतिहासिक, तान्त्रिक विधि तथा जातियता-विविधता भएको र लोक नाटकलाई पनि समेटिएको पुरुष प्रधान नाँच हो । त्यसैले यसलाई व्यवस्थित गर्न र यसको मौलिकतामा ध्यान राख्न अति आवश्यक छ । यस नाँच सहित यसमा प्रयोग हुने ताल र वाद्यहरु नेपालकै मौलिक साङ्गीतिक सम्पदा हुन् । तर समय परिस्थितिले गर्दा यो नाँचमा पनि धेरै परिवर्तन र चुनौति आएको कुरालाई नकार्न सकिन्न । त्यसैले यसलाई पहिलेको स्वरुप बारे खोज तथा अनुसन्धान वृहत् रुपमा सम्पादन गर्न जरुरी छ र आएको नतीजालाई तालिम, शिक्षा तथा अनुसनन्धानको माध्यमबाट संरक्षित रुपमा राख्न सकेको खण्डमा र पहिलेको जस्तै स्वरुपमा विकास गर्न नसके पनि, अहिलेको अवस्थामा जे छ सोही अवस्थामा संरक्षित गरी भावी सन्ततिलाई नासोको रुपमा दिनु आजको पुस्ताको जिम्मेवारी तथा कर्तव्य हो ।

**सन्दर्भहरु:**

गुर्वाचार्य, मनोहर गोपाल (वि.सं २०७०), *नेपाली सङ्गीत को विकासक्रम(खोज तथा संग्रह)*, ललितपुर, ललितपुर संस्कृति सम्बर्द्वण केन्द्र ।

नागर, डॉ विधि (सन् २०१३ ), *कथक नृत्य*, दिल्ली, बि.आर. रिदम्स ।

महर्जन, राजेन्द्र (वि.सं २०७६), *हाम्रो साँस्कृतिक पहिचान तथा परम्परागत बाजाहरू*, श्री जट्टाधारी नित्यनाथ एकीकृत बाजं खलः ललितपुर ।

मानन्धर, त्रिरत्न (वि.सं २०७१), *हांदे दाफाया म्हसीका व म्येया स्वरलिपि*, युनिभर्सल प्रिन्ट कन्सर्न, काठमाडौं ।

कुमार, अशोक 'यमन'(सन् २०२३), *सङ्गीत रत्नावली*, अभिषेक पब्लिकेशन, चण्डीगढ ।

श्रेष्ठ, हरिमान (वि.सं २०६६), *कात्ति प्याखँ-कार्तिक नाँच*, ज्येष्ठ नागरिक समाज-नेपाल, ललितपुर ।

Poudel, P. P. (2021). Classification of musical instruments: an overview. *International Research Journal of MMC (IRJMMC)*, *2*(4), 1–10.

ISSN 2795-1774 (Print), 2795-1782 (Online)
**Journal of Fine Arts Campus, 2023, Volume 5, Issue 1**
**Double-Blind Peer Reviewed Research Article**

Regmi, D. C. (2003). *The history of music in Nepal with special reference to classical music during the Rana period (1846-1950 AD).* Unpublished theis for PhD, University of Delhi.

**साक्षात्कारः-**

- कार्तिक नाँचका गुरु हरीमान श्रेष्ठ
- कार्तिक नाँचका वाद्य गुरु प्रधुम्न कृष्ण श्रेष्ठ
- कार्तिक नाँचका अध्यक्ष तथा हिरण्यकाश्यपुको भूमिका गर्नु हुने कलाकार किरण चित्रकार
- कार्तिक नाँचका उपाध्यक्ष तथा नृसिंहको भूमिका गर्नु हुने कलाकार प्रतापधर शर्मा राजोपाध्याय
- कार्तिक नाँचका कलाकार सुप्रिन्स शाक्य
- दाफा गुरु त्रिरत्ना मानन्धर
- इंदिरा कला सङ्गीत विश्वविद्यालय खैरागढबाट सङ्गीतमा विधावारिणी गर्दै हुनुहुने मान ब कार्की
- कार्तिक नाँचको प्रत्यक्ष अवलोकन - स्वजन रघुवंशी



Journal homepage : https://www.nepjol.info/index.php/jfac
Publisher: Fine Arts Campus (Tribhuvan University), Kathmandu, Nepal.
https://lc.tu.edu.np
email: journalfinearts@gmail.com